गण्डकी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
बागवानी विकास श्रोत केन्द्र

फोन नः ०६१-५७२०२९
इमेलः hdrcpokhara2021@gmail.com
website: hdrc.gandaki.gov.np

मिति – २०८२/०१/३१

विषय :- भुई घाँस काटने सम्बन्धी सूचना ।

यस बागवानी विकास श्रोत केन्द्र, पोखराको संरक्षण र हकभोगमा रहेको कि.नं.१५८ को १०० रोपनी कुल जग्गा मध्ये बाली लगाईएको क्षेत्र , फलफूल नर्सरीको टनेल क्षेत्र, विरुवाको नर्सरी एवं बगान क्षेत्र बाहेकको खाली क्षेत्रको भुई घाँस मिति २०८२/०२/०१ देखि काटी लैजाने गरी बिक्री गर्नुपर्ने भएकोले ईच्छुक व्यक्तिले तपशिलमा उल्लेखित शर्त बमोजिम घाँस काटी लैजाने प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको छ ।

शर्तहरु :-

१.घाँस काटी लैजानको लागि कार्यालयको गेटमा रहेका सुरक्षाकर्मी बाट वितरण गरिने घाँसको कुपन खरिद गर्नु पर्नेछ र कार्यालय खुलेको दिनमा कार्यालय समय (विहान १०.० बजे देखि वेलुका ५.० बजे सम्म) भित्र काटी लैजानु पर्नेछ ।

२.प्रति कुपनको मूल्य रु.२०.० (अक्षरुपी विस मात्र।-) रुपैया कायम गरिएको छ । प्रति कुपन बराबर १ भारी घाँस काटन पाईनेछ ।

३.घाँस काटदा तरकारी / फलफूल तथा अन्य बाली र विरुवाहरुको पूर्ण संरक्षण गर्नुपर्नेछ। यदि सो को क्षति भएमा कार्यालयले तोके बमोजिमको क्षतिपूर्ति तिर्नुपर्नेछ ।

४.कुनै स्थानको घाँस समयमा नै काटनको लागि कार्यालयले मौखिक सूचना गर्नेछ र सो अवस्थामा सोही स्थानको घाँस काटी लैजानु पर्नेछ ।

५.कार्यालयको कम्पाउण्ड परिधिको वरपर Trifoliate (तिनपाते) विरुवा लगाएको हुनाले सो स्थानमा घाँस काटन पाईने छैन । कार्यालय परिसरमा भएका कुनै पनि संरचना विगार्न वा भत्काउन पाईने छैन ।

६.कार्यालय परिसरमा लगाइएका बाली एवं नर्सरी विरुवाहरुमा रोग किरा रोकथामको लागि आवश्यकता अनुसार विषादीको प्रयोग हुने हुनाले सो क्षेत्र वरपरको घाँस काटदा कार्यालय सगँ जानकारी लिई मात्र घाँस काटनु पर्नेछ अन्यथा कार्यालय जवाफदेही हुने छैन ।

७.घाँस काटने क्रममा सो स्थानमा भेटिएका अन्य सार्वजनिक सम्पत्ति / कुनै चिज बस्तुहरु अनिवार्य रुपमा कार्यालयमा वुझाउनु पर्नेछ ।

८.कार्यालयले आवश्यकता आधारमा निर्णय गरि कुनै पनि समयमा घाँसको विक्री वितरण रोक्न सक्नेछ ।

९.सूचनामा राखिएका शर्तहरु आवश्यकता अनुसार परिवर्तन हुनेछ ।

१०.घाँस काटने विषयमा कुनै विवाद उत्पन्न भएमा कार्यालयको निर्णय अन्तिम हुनेछ ।

२०८२/०१/३१

सोनी राना
कार्यालय प्रमुख

सोनी राना
वरिष्ठ बागवानी विकास अधिकृत